# थलारा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## खोली, बझाङ

## सुदूरपश्चिम प्रदेश, नेपाल

Website: www.thalaramun.gov.np
E-mail: thalaramun@gmail.com
Audio Notice Board: १६१८०७०७९२२५४
Toll Free Number: १८१०५०००० १६
Contact No: ९८५८४९०२५४

प.सं. २०८१/०८२
सूचना नं. 02

मिति: २०८१/०४/०४
ने.सं. ११४४, दिल्लाथ्व, १३ शुक्रवार

## व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि सूचना !

प्रस्तुत विषय सम्बन्धमा यस थलारा गाउँपालिका भित्र सञ्चालनमा रहेका थोक तथा खुद्रा पसल, बैंक तथा वित्तीय संस्था, खानीजन्य उद्योग व्यवसाय, फर्म तथा समुहहरु लगायतका अन्य सबै खाले व्यवसाय गर्ने व्यवसायीहरुले यस गाउँपालिकामा २०८१/०५/०६ गते भित्र दर्ता गर्न हुन अनुरोध गरिन्छ। साथै यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीहरुले आ.व. २०८१/०८२ मा आफ्नो व्यवसाय दर्ता नवीकरण गर्नका लागि अनिवार्य रुपमा २०८१ असोज मसान्त भित्र तपसिल बमोजिमको कागजात गाउँपालिकाको उद्यम विकास शाखामा पेश गरी आफ्नो व्यवसाय नविकरण गर्न हुन सम्बन्धित सबैलाई सुचित गरिन्छ। यदि सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र व्यवसाय दर्ता र आ.व. २०८१/०८२ शुरु भएको ३ महिना भित्र व्यवसाय नविकरण नगरेमा थलारा गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण निर्देशिका, २०७५ र प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ।

सिद्धराज पण्डित
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

**नयाँ व्यवसाय दर्ता गर्नका लागि आवश्यक कागजातहरु**

१. निवेदन,
२. व्यवसायीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. व्यवसायीले हालसालै खिचेको फोटो २ प्रति,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. वडा सर्जमिन मुचुल्का,
६. यदि व्यवसायको लागि घर/जग्गा भाडामा लिएको भए भाडा करार सम्झौता पत्र,
७. व्यवसाय रहने जग्गाको सम्पति कर बुझाएको रसिद,
८. जग्गा धनीको पुर्जाको प्रतिलिपी,
९. व्यवसायको दर्ता अनुसार गाउँपालिकामा राजश्व बुझाएको रसिद।

**व्यवसाय नविकरणका लागि आवश्यक कागजातहरु**

१. निवेदन,
२. सक्कलै व्यवसाय दर्ता प्रमाणपत्र,
३. प्यान दर्ता भए प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।